नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७७/७८
चलानी नंः ९१

मिति :२०७७/०६/१९

विषयः सहजीकरण सम्बन्धमा।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.९८ मिति २०७७/०६/११ को निर्देशिका कार्यान्वयनका लागि आवश्यक सहजीकरण गरिदिने सम्बन्धी पत्र र स्थानीय तहका वडाका स्वास्थ्य संस्थामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना सम्बन्धी निर्देशिका,२०७७ संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सो सम्बन्धी कार्यमा आवश्यक सहयोग र समन्वय हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा

(४- २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३)

पत्र संख्या:- (१) २०७७।७८
च.न ९८

रामशाहपथ
काठमाडौं,नेपाल
२०७७/६/११

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिहंदरबार, काठमाण्डौं ।

श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय,
सातै प्रदेश ।

विषय: निर्देशिका कार्यान्वयनका लागि आवश्यक सहजिकरण गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको मिति २०७७/०६/०२ च.न. ९१ को पत्रानुसार यस मन्त्रालयबाट *'स्थानीय तहका वडाका स्वास्थ्य संस्थामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना सम्बन्धि निर्देशिका, २०७७'* स्विकृत भएकोले उक्त निर्देशिका तहाँ मन्त्रालय/ मन्त्री परिषदको कार्यालय अन्तर्गत ७५३ वटै स्थानिय तह/सामजिक विकास मन्त्रालय मार्फत कार्यान्वयनका लागि आवश्यक सहजिकरण गरिदिन हुन निर्देशानुसार अनुरोध छ । साथै सो निर्देशिका आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग विभागको वेबसाईट www.doaa.gov.np रहेको व्यहोरा समेत अनुरोध छ ।

............................
(प्रेम कुमार रसाईली)
शाखा अधिकृत

बोधार्थ
श्री प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सिंहदरबार, काठमाण्डौ ।

# स्थानीय तहका वडाका स्वास्थ्य संस्थामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना सम्वन्धि

## निर्देशिका-२०७७

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग टेकु, काठमाण्डौ

**प्रस्तावना:**

राष्ट्रिय स्वास्थ्य नीति २०७६ मा आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथी लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रुपमा विकास र विस्तार गरिनेछ भनि उल्लेख गरिएको छ स्वास्थ्य नीति २०७६को रणनीतिमा संघिय संरचना अनुरुप आयुर्वेद चिकित्सा सम्वन्धि तहगत संस्थाहरुको योजनावद्द विकास तथा विस्तार गरिने छ भनि उल्लेख गरिएको छ

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (झ) मा प्रत्येक नागरिकलाई आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ भनि उल्लेख गरिएको छ उक्त ऐनको दफा ३ को उपदफा (झ) लाई कार्यान्वियन गर्न आधारभुत स्वास्थ्य प्याकेजका सेवाहरु अन्तर्गत आयुर्वेद तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरुमा पूर्व पन्चकर्म, योग, शतावरी (सुत्केरी आमाको लागि),जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्द्धन लगायतका सेवा प्रदान गर्नुपर्ने देखिन्छ साथै उक्त सेवाहरू आधुनिक विधाका स्वास्थ्य संस्थाहरु बाट समेत उपलब्ध हुन आवश्यक देखिन्छ ।

नेपाल सरकारको नीति तथा कार्यक्रम ०७७/०७८ को बुदाँ ४३ मा निरोगी नेपाल निर्माण यस सरकारको मूल स्वास्थ्य नीति हो प्रकृति मैत्री स्वच्छ जीवन प्रणाली प्रवर्धन गरि नेपालीको रोग प्रतिरोधी क्षमता वृदि गर्न निरोधात्मक कार्यक्रम संचालन गरिने छ स्वास्थ्य सेवामा प्रतिरोधात्मक र उपचारात्मक विधि अवलम्वन गरिने छ भन्ने नीतिगत व्यवस्था रहेको छ

त्यसै गरि वुँदा ५१ मा आयुर्वेदिक, युनानी, होमियोप्याथी एबं प्राकृतिक चिकित्सा प्रणालीको विस्तार र प्रवर्धन गरिने छ आम नागरिकलाई योगाभ्यास र शारीरिक व्यायाम सहितको जीवन पद्दति अपनाउन प्रेरित गरिनेछ स्थानीय तहका वडाहरुमा व्यायामशाला, आरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गर्न प्रोत्साहित गरिने छ भन्ने व्यवस्था रहेको छ

हालका दिनहरुमा नयाँ नयाँ सरुवा रोग समेत देखा पर्न लागेको अवस्थामा समग्र आयुर्वेद तथा वैकल्पिक क्षेत्रको विकास, विस्तार तथा परम्परागत ज्ञान, सिप र मौलिक सम्पदाको संरक्षण गर्दै योग, ध्यान, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विधिबाट सर्ने तथा नसर्ने रोगको रोकथाम, उपचार तथा पुनर्स्थापनाको लागि नागरिक आरोग्य सेवा केन्द्रले स्थानीय जनतालाई लाभान्वित गराउने छ नेपाल सरकारको निरोगी नेपाल अभियानलाई सार्थक वनाउन, जनस्वास्थ्य सेवा ऐन, २०७५ मा व्यवस्था भएको आधारभुत स्वास्थ्य सेवा अन्तर्गत आयुर्वेद सेवा प्रदान गर्न, नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका २०७६ बमोजिमको कार्यक्रम संचालन गर्न तथा नेपाल सरकारले आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट कार्यक्रमको स्वास्थ्य संग सम्वधित वुंदाहरुमा स्थानीय तहका वडाका स्वास्थ्य संस्थामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गर्नु पर्ने व्यवस्था कार्यान्वयन गर्न यो निर्देशिका तयार गरिएको छ

महानिर्देशक सचिव

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग टेकु, काठमाण्डौ

(1) संक्षिप्त नाम र प्रारम्भ:

यस निर्देशिकाको नाम "स्थानीय तहका वडाका स्वास्थ्य संस्थामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना सम्वन्धि निर्देशिका-२०७७" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ

(३) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ सम्झनु पर्दछ

(ख) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ

(ग) "विभाग" भन्नाले आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग सम्झनु पर्दछ

(घ) "आयुर्वेद स्वास्थ्य केन्द्र" भन्नाले जिल्ला स्थित प्रदेश मातहतको जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था सम्झनु पर्दछ

(ङ) "स्वास्थ्य संस्था" भन्नाले वडास्तरमा स्थापना भएका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु वा स्वास्थ्य चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र लाई सम्झनु पर्दछ

(च) "संचालन खर्च" भन्नाले जनशक्ति व्यवस्थापन, औजार उपकरण, औषधि, मसलन्द खर्च समेतलाई सम्झनु पर्दछ

(छ) "आयुर्वेद औषधालय" भन्नाले स्थानीय स्तरमा रहेको आयुर्वेद औषधालय सम्झनु पर्दछ

ज) "नागरिक आरोग्य सेवा " भन्नाले आधारभूत आयुर्वेद सेवा तथा आयुर्वेद स्वास्थ्य प्रवर्द्धन सेवा सम्झनु पर्नेछ ।

(४) नागरिक आरोग्य सेवा प्रवाह सम्वन्धि व्यवस्था:

(क) नीति तथा कार्यक्रम र बजेट कार्यक्रम बमोजिमको नागरिक आरोग्य सेवा स्थानीय तहको प्रत्येक वडाबाट प्रवाह गरिने छ

(ख) सम्पूर्ण वडाहरुमा क्रमश: नागरिक आरोग्य सेवा केन्द्र स्थापना गर्दै लगिने छ

(ग) बुँदा (ख) मा उल्लेखित स्वास्थ्य संस्था स्थापनाको लागि मन्त्रालयले स्वीकृत गरेको लागत अनुमान बमोजिमको बजेट नेपाल सरकारले व्यवस्था गर्ने छ

(५) नागरिक आरोग्य सेवा केन्द्रको स्थापना

(क) सम्वन्धित स्थानीय तहले वडामा रहेका स्वास्थ्य संस्था मध्ये बाट कुनै एउटा स्वास्थ्य संस्था छनोट गर्नु पर्ने छ

महानिर्देशक

सचिव

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

(ख) छनोट भएको स्वास्थ्य संस्थामा नागरिक आरोग्य सेवा केन्द्रको स्थापना र सञ्चालन गर्नु पर्ने छ

ग)विद्यमान स्वास्थ्य संस्थामा नागरिक आरोग्य सेवा संचालनको लागि भौतिक पूर्वाधार अपुग भएमा सम्बद्ध स्थानीय तहले व्यवस्था गर्नुपर्नेछ।

(घ) नागरिक आरोग्य सेवा केन्द्रको समन्वय तथा अनुगमन सम्बद्ध स्थानीय सरकार, सम्बद्ध आयुर्वेद स्वास्थ्य केन्द्र, सम्बद्ध प्रदेश सरकार, विभाग र मन्त्रालय बाट हुनेछ।

(ङ) नागरिक आरोग्य सेवा केन्द्रको सहजीकरण सम्बद्ध जिल्लाको आयुर्वेद स्वास्थ्य केन्द्रबाट हुनेछ

**(६) नागरिक आरोग्य सेवा सञ्चालन:**

(क) नागरिक आरोग्य सेवा केन्द्रको लागि छनौट भएका वडाहरुमा सम्बद्ध स्थानीय तहले नागरिक आरोग्य सेवा प्रवाह हुने व्यवस्था मिलाउनु पर्नेछ

(ख) बुँदा (क) मा उल्लेखित नागरिक आरोग्य सेवा प्रवाहका लागि नेपाल सरकारले सञ्चालन खर्चको व्यवस्था गर्ने छ। सो रकम अपुग भएमा सम्बद्ध स्थानीय तहले व्यवस्था गर्नु पर्ने छ

(ग) बुँदा (क) वमोजिमको सेवा प्रवाह गर्दा कम्तीमा आधारभुत आयुर्वेद सेवा, नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका- २०७६ मा उल्लेखित सेवा तथा सामान्य आयुर्वेद उपचार लगायतका स्वास्थ्य सेवाको समुचित व्यवस्था स्थानीय तहले गर्नु पर्ने छ

(घ) यस निर्देशिकामा जुन सुकै कुरा लेखिएता पनि आयुर्वेद स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय रहेको वडाको नागरिक आरोग्य सेवा सोहि संस्था बाट प्रदान गरिने छ।

(ङ) सेवा प्रवाह सम्वन्धि मासिक प्रतिवेदन सम्वन्धित संस्थाले आयुर्वेद स्वास्थ्य केन्द्र र सम्वन्धित स्थानीय तहमा पठाउनु पर्ने छ

(च) आयुर्वेद स्वास्थ्य केन्द्रले प्राप्त प्रतिवेदनलाई एकीकृत गरि एकीकृत मासिक प्रतिवेदन सम्बद्ध प्रदेश स्वास्थ्य निर्देशनालय र विभागमा पठाउनु पर्ने छ

**(७) नागरिक आरोग्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति सम्वन्धि व्यवस्था**

(क) नागरिक आरोग्य सेवा प्रवाह गर्न आवश्यक न्यूनतम जनशक्ति कविराज/वैद्य १ जना , अभ्यंग कर्ता २(महिला १ र पुरूष १ जना) गरी जम्मा ३ जना विद्यमान ऐन/नियमावली/निर्देशिका वमोजिम करारमा राखी काममा लगाउनु पर्नेछ

(ख) नागरिक आरोग्य सेवा प्रवाह गर्ने जनशक्तिको तालिमको व्यवस्था सम्वन्धित स्थानीय तहको सहयोगमा सम्बद्ध आयुर्वेद स्वास्थ्य केन्द्रले गर्नु पर्ने छ

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

सचिव

महानिर्देशक

(८) सेवा प्रवाहको लागि आवश्यक प्रोटोकल, निर्देशिका, सूचना सामग्रीको निर्माण गर्न विभागले समन्वय गर्नेछ

(९) न्युनतम रुपमा प्रवाह गर्नु पर्ने सेवाहरू मन्त्रालयले तोक्ने छ

(१०) थप सेवा प्रवाह र स्तरोन्नति सम्वन्धित स्थानीय तहले गर्न सक्नेछ

(११) थप सेवा प्रवाह र स्तरोन्नति गर्दा लाग्ने थप आर्थिक भार सम्वन्धित प्रदेश सरकार र सम्वन्धित स्थानीय तहले व्यहोर्नु पर्ने छ

(१२) मन्त्रालयले अवश्यकता अनुसार निर्देशिका संशोधन गर्न सक्ने छ

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आयुर्वेद तथा वैकल्पिक चिकित्सा टेकु, काठमाडौं

महानिर्देशक

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

सचिव